(ग) महेन्द्रनगर नगर पञ्चायत क्षेत्र १,२२८ बिगहा जमीनमा आयोगले सार्वजनिक स्थल, बाटो, स्कूल आदि समेतलाई मध्यनजर राखी १ (एक) बिगहाको प्लटहरू बनाई बिक्री वितरण गर्ने ।

(घ) आरक्ष क्षेत्रबाट उठाइने परिवारहरूले उक्त न. पं. को जग्गा लिई बाँकी रहेपछि मात्र मूल्यांकन भएको अङ्कमा लिलाम बढाबढ गरी अरूलाई बिक्री वितरण गर्ने ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४४।७।१९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क्र.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री गोपी गिरी | योजना तथा प्रशासकीय अधिकृत, जिल्ला पञ्चायत सचिवालय, बारा | राजपत्राङ्कित तृतीय श्रेणी, अर्थ मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| २. | श्री ध्रुवप्रसाद आचार्य | भन्सार अधिकृत, विराटनगर भन्सार कार्यालय | राजपत्राङ्कित तृतीय श्रेणी, शिक्षा तथा संस्कृति मन्त्रालय वा अन्तर्गत कार्यालय । |

आज्ञाले,
अर्जुनमणि आ. दी.
उपसचिव

## भूलसुधार

खण्ड ३७ संख्या ३५ मिति २०४४।६।६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना १ को क्र. सं. ९ मा श्यामप्रसाद मैनाली हुनुपर्नेमा श्यामप्रसाद नेपाली हुनगएकोले भूलसुधार गरिएको छ ।

गृह मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०४